वराहपोखरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बाघखोरभन्ज्याङ, खोटाङ
१ नं. प्रदेश नेपाल

visit Nepal 2020 Lifetime Experiences

प.सं. २०७६/७७
च.नं. ६५५

मिति : २०७६।१२।१०

विषय : COVID-19 सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,

श्री स्वास्थ्य चौकी सबै,

वराहपोखरी गाउँपालिका, खोटाङ ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्यवस्थपान शाखा) सिंहदरबार, काठमाण्डौंको प.सं. वा.त.वि.व्य.शा./०७६/०७७ च.नं. ४३६ मिति २०७६।१२।०९ को प्राप्त (यसै साथ संलग्न) पत्रमा लेखी आएनुसार COVID-19 सम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न गराउन हुन साथै तोकिए बमोजिमका कार्यहरुको मौखिक तथा लिखित प्रतिवेदन दैनिक रुपमा यस कार्यालयमा उपलब्ध गराउन हुन अनुरोध छ ।

.........................
बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

- श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (वातावरण तथा विपद् व्यवस्थापन शाखा) सिंहदरबार, काठमाण्डौं ।
- श्री जिल्ला प्रशासन कार्यालय दिक्तेल, खोटाङ ।
- श्री जिल्ला स्वास्थ्य कार्यालय दिक्तेल, खोटाङ ।

नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:
cdms.mofaga@gmail.com

प.सं.:-वा.त.वि.व्य.शा./०७६/०७७
च.नं.:- ४३६

मिति: २०७६/१२/०९

विषयः COVID-19 सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धमा ।

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
स्थानीय तहहरु (सबै) ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID 19) को रोकथाम तथा नियन्त्रणको लागि गठित उच्चस्तरीय समन्वय समितीको निर्णयानुसार तयार भएको रोकथाम तथा नियन्त्रण कार्यान्वयन कार्ययोजनाको सन्दर्भमा देहायको कार्यहरुको व्यवस्थाका अलावा यसैसाथ संलग्न कार्ययोजना अनुरुपका तहाँसंग सम्बन्धित अन्य विषयहरु समेत कार्यान्वयन गरी सो को प्रतिवेदन यस मन्त्रालयलाई निरन्तर गर्नुहुन आदेशानुसार अनुरोध छ ।

देहायः

१. प्रत्येक वडा कार्यालय मार्फत विदेशबाट फर्किएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी आवश्यक रेखदेख तथा निगरानी गर्ने र सो को संख्यात्मक विवरण दैनिक रुपमा मन्त्रालयमा प्रतिवेदन गर्ने ।
२. सामाजिक, साँस्कृतिक कार्यहरुको लागि मठ, मन्दिर, गुम्बा, मस्जिद, चर्च, पार्टी प्यालेस लगायतका सार्वजनिक स्थलहरुमा २५ जना भन्दा बढी व्यक्ति भेला नहुने ।
३. सिनेमा हल, साँस्कृतिक केन्द्रहरु, रंगशाला, खेलस्थान, जिम, हेल्थ क्लव, म्युजियम, स्विमिङ्ग पुल, मनोरञ्जन स्थल, डान्सबार, क्लबलाई चैत्र मसान्तसम्म बन्द गराउने ।
४. सार्वजनिक यातायातको साधनहरुमा सिट क्षमता भन्दा बढी ओसार पसार गरे नगरेको अनुगमन गर्ने तथा सिट क्षमता भन्दा बढी यात्रु ओसार पसार गर्न नदिने ।
५. मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा दैनिकरुपमा Disinfection एवं सरसफाई गराउने ।
६. कार्यालयको भवन तथा परिसरको नियमित रुपमा सरसफाई गर्ने तथा कार्यालय प्रवेशद्वारमा अनिवार्यरुपमा सेनिटाईजर वा साबुन पानीले हात धुने व्यवस्था मिलाउने ।

(ऋषिराज आचार्य)
उप-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समितीको कार्यालयहरु, सबै (आवश्यक समन्वय तथा अनुगमनको लागि),
श्री सूचना तथा प्रविधी शाखा, (पत्र वेभसाईटमा अपलोड गरिदिनुहुन) ।

| सि. नं. | मुख्य कार्य | क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय | अनुगमन | प्रतिवेदन पेश गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ५. | सार्वजनिक यातायातका साधनलाई सवारी चलाउनु अघि Disinfection गर्ने । | • | • भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय<br>• गृह मन्त्रालय | • यातायात व्यवस्था विभाग<br>• नेपाल प्रहरी | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सरकार<br>• स्थानीय तह | प्र. म तथा म. प. कार्यालय | |
| ६. | मानिसहरुको जमघट हुने सार्वजनिक स्थलहरुमा दैनिकरुपमा Disinfection एवं सरसफाई गराउने । | • | • स्थानीय तह | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | तत्काल | • गृह मन्त्रालय<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सरकार | प्र. म तथा म. प. कार्यालय | |
| ७. | • बजारमा उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव सिर्जना गर्ने, जम्माखोरी, कालोबजारी तथा मिसावट गर्नेलाई कडा कारवाही | • | • गृह मन्त्रालय<br>• उद्योग, वाणिज्य | • जिल्ला प्रशासन कार्यालय<br>• नेपाल प्रहरी | तत्काल | • गृह मन्त्रालय | प्र. म तथा म. प. कार्यालय | |